# शिवसताक्षी नगरपालिका

## Shivasatakshi Municipality

## नगरकार्यपालिकाको कार्यालय

### Office of Municipal Executive

ब्याङ्डाँडा, झापा

प. स.: २०८१/०८२

च. न.: ६६१

कोशी प्रदेश, नेपाल

मितिः २०८१।०६।०७

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

**जो जससँग सम्बन्धित छ ।**

झापा जिल्ला शिवसताक्षी नगरपालिका अन्तर्गत श्री राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालय, शिवसताक्षी नगरपालिका वडा नं.-११, झापामा रिक्त रहेको माध्यमिक तह तृतीय श्रेणी अर्थशास्त्र विषय शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.३२, मिति २०८१/०६/०४ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८१/६/७

छविलाल ढकाल

अधिकृतस्तर सातौं

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना rramavi2026@gmail.com मार्फत् समेत निवेदन पेस गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ, भद्रपुर, झापा ।

श्री राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालय,शिवसताक्षी नगरपालिका वडा नं.-११, झापा।

श्री सूचना प्रविधि शाखा- वेवसाइटमा अपलोड गरिदिनहुन।

CamScanner